# कक्षा आठमा अध्ययनरत राजवंशी भाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन

रोशन काफ्ले
परीक्षा क्रमाङ्क : २८०६८०/०७३
त्रि.वि. दर्ता नं. : ६-१-२१७-२६-२००५

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,
नेपाली भाषा शिक्षा अन्तर्गत स्नातकोत्तर
तह चौथो सेमेस्टरको (नेपा.शि. ५४४)
पाठ्यांशको प्रयोजनार्थ
प्रस्तुत

**शोधपत्र**

**२०७३/2017**

शिक्षाशास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग
कीर्तिपुर, काठमाडौँ

# प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

..........................

**रोशन काफ्ले**

मिति : २०७३/१०/२०

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सेमेस्टरका छात्र रोशन काफ्लले **कक्षा आठमा अध्ययनरत राजवंशी भाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा रही तयार गरेका हुन् । परिश्रमपूर्वक तयार गरिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

सहप्रा.डा. कुश्मिला आचार्य

(**शोधनिर्देशक**)

मिति : २०७३/१०/२१

03 Feb., 2017

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय**

## नेपाली भाषा शिक्षा विभाग

**त्रि.वि., कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यक्रमका निम्ति यस सङ्कायतर्फका छात्र रोशन काफ्लेद्वारा **कक्षा आठमा अध्ययनरत राजवंशी भाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन** शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| क्र.सं. | नाम | दस्तखत |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ................................ |
| २. | प्रा.डा. रामचन्द्र लम्साल (शोध विशेषज्ञ) | ................................ |
| ३. | सहप्रा.डा. कुश्मिला आचार्य (शोधनिर्देशक) | ................................ |

मिति : २०७३/११/२४

08 March, 2017

# कृतज्ञता ज्ञापन

शोधकार्य आफैंमा जटिल र बौद्धिक कार्य हो । शोधकार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि निरन्तर र कडा मेहनतको जरुरत पर्दछ । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ यो शोधपत्र तयार गरिएको हो । यो अध्ययन वाक्यगठनका त्रुटिको क्षेत्रमा अध्ययन गर्न चाहने सबैलाई उपयोगी हुनेछ भन्ने आशा लिएको छु ।

प्रस्तुत शीर्षकको शोधपत्र स्वीकृत गरी अध्ययनको लागि अवसर प्रदान गर्ने नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै कार्य व्यस्तताका बाबजुद पनि आवश्यक सल्लाह र सहयोग पुऱ्याउनु हुने मेरा शोधनिर्देशक सहप्रा.डा. कुश्मिला आचार्यप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. रामप्रसाद भट्टराईप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । शोधकार्य सम्पन्न गर्ने सिलसिलामा आवश्यक सल्लाह दिनुहुने नेपाली भाषा शिक्षा विभागका श्रद्धेय गुरुहरू प्रा.डा. यादवप्रकाश लामिछाने, सहप्रा. रविकिरण अधिकारी, उपप्रा.डा. बुद्धराज खनिया, केशव पोखरेल, डा. राजेन्द्र खनालसाथै नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस तहसम्म आइपुग्नका लागि हरेक परिस्थितिमा सल्लाह, सुझाव र सहयोग गर्नुहुने आदरणीय मातापिताप्रति सदा ऋणी छु । अध्ययनका क्रममा सधैं सहयोगीको भूमिका निर्वाह गर्ने श्रीमती रमादेवी पोखेल र साथीहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै शोधपत्र लेखनका क्रममा आवश्यक जानकारी उपलब्ध गराउने नमुना छनोटमा परेका विद्यालय र विद्यार्थी भाइ बहिनीहरूमा आभारी छु । सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउने नेपाली भाषा पुस्तकालय, शिक्षाशास्त्र केन्द्रीय पुस्तकालय र शोधपत्र लेखनका क्रममा सहयोग पुऱ्याउने सम्पूर्ण हितैषी मित्र र आफन्तजनहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा शोधकार्य सम्पन्न गर्ने क्रममा सुसाङ्ख्य टङ्कन गरिदिने श्री विपिन सुवेदीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

मितिः २०७३/१०/२० रोशन काफ्ले

# शोधसार

प्रस्तुत शोधपत्र 'कक्षा आठमा अध्ययनरत राजवंशी भाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन' शीर्षकमा केन्द्रित छ । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा अन्तर्गत नेपाली विषयको (एम.एड.) चौथो सत्रको नेपा.शि. ५४४ को प्रयोजनको निम्ति तयार पारिएको हो । झापा जिल्लाका राजवंशी भाषी कक्षा आठका विद्यार्थीले नेपाली वाक्यगठनमा गर्ने त्रुटिका क्षेत्रहरू पत्ता लगाउनु, झापा जिल्लाका कक्षा आठमा अध्ययनरत राजवंशी भाषी विद्यार्थीहरूबाट वाक्यगठनमा गर्ने त्रुटिहरूको कारण पहिल्याउनु, झापा जिल्लाका कक्षा आठमा अध्ययनरत राजवंशी भाषी विद्यार्थीहरूबाट वाक्यगठनमा गर्ने त्रुटिहरूको निराकरण गर्नु यस शोधको उद्देश्य रहेको छ ।

झापा जिल्लामा रहेका सामुदायिक र संस्थागत विद्यालयहरूमध्ये नमुना छनोटका रूपमा दशवटा विद्यलायलाई मात्र लिइएको छ । सोही छनोटमा विद्यलायका १०० जना राजवंशी भाषी विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । जनसङ्ख्या तथा नमुना छनोटका आधारमा सङ्कलन गरिएका प्राप्त तथ्याङ्कलाई आधार मानी छलफल र विश्लेषण गरी निष्कर्षमा निकालिएको छ ।

प्रस्तुत शोधपत्र सात अध्यायमा विभाजन गरिएको छ । जसअन्तर्गत अध्याय एकमा शोध परिचय अन्तर्गत पृष्ठभूमि, समस्याकथन, उद्देश्य, अध्ययनको सान्दर्भिकता, औचित्य, सीमाङ्कन र अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको अध्ययन र सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । जसअन्तर्गत सम्बन्धित साहित्यको अध्ययन, पूर्वकार्यको अध्ययनको महत्त्व, त्रुटि विश्लेषणको सैद्धान्तिक परिचय र भाषा शिक्षणमा त्रुटिको महत्त्वलाई प्रस्तुत गरिएको छ । त्यस्तै यस अध्यायमै शोधको केन्द्रीय तत्त्व वाक्यगठन भएकाले वाक्यगठनको परिचय र महत्त्व, वाक्यगठनका पक्षहरू, वाक्यगठनसम्बन्धी अध्ययनको आवश्यकता र भाषा पाठ्यपुस्तकमा वाक्यगठनको स्थानलाई प्रस्तुत गरिएको छ । अध्याय तिनमा विधि र अध्ययन प्रक्रिया प्रस्तुत गरिएको छ । जसअन्तर्गत पुस्तकालयीय विधि, क्षेत्रीय अध्ययन विधि, नमुना सर्वेक्षण विधि, जनसङ्ख्या, नमुना छनोट, सामग्री निर्माण, पूर्व परीक्षण, तथ्याङ्क सङ्कलन, परीक्षण, तालिकीकरण, तथ्याङ्कको विश्लेषण जस्ता उपशीर्षकहरू रहेका छन् । अध्याय चार, पाँच र छमा प्राप्त तथ्याङ्कको परिणामका आधारमा तालिका बनाई छलफल तथा विश्लेषण गरिएको छ ।

साथै राजवंशी भाषी विद्यार्थीले वाक्यगठनमा गर्ने त्रुटिका कारणहरू पत्ता लगाई त्रुटि निराकरणका लागि सुझावहरू समेत प्रस्तुत गरिएको छ । त्यसैगरी अन्तिम अध्याय अर्थात् अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता समावेश गरिएको छ । यसरी प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

तुलनामा छात्राले बढी त्रुटि गरेका छन् । संस्थागत विद्यार्थीको त्रुटि बढी देखियो । वचनसम्बन्धी क्षमता जाँचका लागि जम्मा ८ वटा वस्तुगत प्रश्न सोधिएको थियो । जसमा कुनै पनि प्रश्न नमिलाउने विद्यार्थी नै थिएनन् । वाक्यगठनको अर्को पक्ष लिङ्गसम्बन्धी क्षमता जाँचका लागि ५ वटा प्रश्न सोधिएको थियो । छात्रभन्दा छात्राको लिङ्गसम्बन्धी क्षमता राम्रो देखियो भने सामुदायिक विद्यालयका विद्यार्थीले संस्थागत विद्यालयका विद्यार्थीभन्दा बढी त्रुटि गरेको स्थिति रह्यो । पुरुषसम्बन्धी क्षमता जाँचका लागि जम्मा ९ वटा प्रश्न सोधिएको थियो । जसमा छात्रभन्दा छात्राको राम्रो क्षमता देखियो भने सामुदायिकभन्दा संस्थागत विद्यालयको पुरुषपक्षसम्बन्धी क्षमता प्रवल रह्यो । कालसम्बन्धी क्षमता जाँचका लागि जम्मा ५ वटा प्रश्न सोधिएको थियो । छात्र र छात्रा दुवैको कालसम्बन्धी क्षमता उस्तै र राम्रै देखियो भने संस्थागत र सामुदायिक विद्यालयको स्थिति पनि उस्तै देखा पऱ्यो । आदरसम्बन्धी क्षमता जाँचनका लागि ५ वटा प्रश्न सोधिएको थियो । छात्रभन्दा छात्राको क्षमता राम्रो देखियो भने सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका छात्र छात्राको स्थिति राम्रो देखियो । वाच्यसम्बन्धी क्षमता जाँचका लागि जम्मा ३ वटा प्रश्न सोधिएको थियो । छात्र र छात्राको अभिव्यक्ति क्षमता बराबर देखिनुका साथै सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाच्यसम्बन्धी क्षमता राम्रो देखियो । भावसम्बन्धी क्षमता जाँचका लागि जम्मा २ वटा प्रश्न सोधिएकामा छात्र र छात्राको अभिव्यक्ति क्षमता बराबर देखियो । संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीले बढी त्रुटि गरेको पाइयो ।

# विषयसूची

## अध्याय एक

## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्या कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययनको औचित्य | ३ |
| १.५ | अध्ययनको सीमाङ्कन | ४ |
| १.६ | अध्ययनको रूपरेखा | ५ |


## अध्याय दुई

## पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा


| | | |
|---|---|---|
| २.१ | पूर्वकार्यको पुनरावलोकन | ६ |
| | २.१.१ पुस्तक पुनरावलोकन | ६ |
| | २.१.२ शोध पुनरावलोकन | ९ |
| २.२ | पूर्वकार्य पुनरालोकनको महत्त्व | १५ |
| २.३ | त्रुटिको सैद्धान्तिक अवधारणा | १६ |
| २.४ | त्रुटिका क्षेत्रहरू | १८ |
| २.५ | भाषा शिक्षणमा त्रुटिको महत्त्व | २० |
| २.६ | वाक्यगठनको परिचय र महत्त्व | २१ |
| २.७ | वाक्यगठनका पक्षहरू | २३ |
| २.८ | वाक्यगठनसम्बन्धी अध्ययनको आवश्यकता | २९ |
| २.९ | भाषापाठ्यपुस्तकमा वाक्यगठनको स्थान | २९ |

## अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया


३.१ अध्ययन विधि ३१

३.१.१ पुस्तकालयीय अध्ययन विधि ३१

३.१.२ क्षेत्रीय अध्ययन विधि ३१

३.१.३ नमुना सर्वेक्षण विधि ३१

३.२ अध्ययनको जनसङ्ख्या ३२

३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरू ३२

३.३.१ प्राथमिक स्रोत ३२

३.३.२ द्वितीयक स्रोत ३२

३.४ प्रतिनिधि नमुना ३३

३.५ सामग्री निर्माण ३३

३.६ परीक्षण ३४

३.७ तथ्याङ्क सङ्कलन परीक्षण र तालिकीकरण ३४

३.८ तथ्याङ्क व्याख्या र विश्लेषण ३४


## अध्याय चार

## वाक्यगठनमा गर्ने त्रुटिको विश्लेषण


४.१ झापा जिल्लाका राजवंशी भाषी कक्षा आठका विद्यार्थीले नेपाली वाक्यगठनमा गर्ने त्रुटिका क्षेत्रहरू ३६

४.१.१ वचनगत त्रुटिको विश्लेषण ३७

४.१.२ लिङ्गगत त्रुटिको विश्लेषण ३८

४.१.३ पुरुषगत त्रुटिको विश्लेषण ३९

४.१.४ कालगत त्रुटिको विश्लेषण ४०

| | | |
|---|---|---|
| | ४.१.५ आदरगत त्रुटिको विश्लेषण | ४१ |
| | ४.१.६ भावगत त्रुटिको विश्लेषण | ४२ |
| | ४.१.७ वाच्यगत त्रुटिको विश्लेषण | ४२ |
| ४.२ | वाक्यगठनसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक अध्ययन | ४३ |
| | ४.२.१ वचनसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ४४ |
| | ४.२.२ लिङ्गसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ४६ |
| | ४.२.३ पुरुषसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ४८ |
| | ४.२.४ कालसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ५० |
| | ४.२.५ आदरसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ५२ |
| | ४.२.६ वाच्यसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ५४ |
| | ४.२.७ भावसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ५६ |
| ४.३ | स्वतन्त्र लेखनसम्बन्धी समग्र स्थिति | ५७ |
| | ४.३.१ समग्र विद्यार्थीको अनुच्छेद र निबन्ध लेखन क्षमताको स्थिति | ५८ |
| | ४.३.२ छात्र र छात्राको अनुच्छेद र निबन्ध लेखन क्षमताको स्थिति | ५८ |
| | ४.३.३ संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद र निबन्ध लेखन क्षमताको स्थिति | ५९ |
| | ४.३.४ संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद र निबन्ध लेखन क्षमताको समग्र स्थिति | ६० |
| ४.४ | स्वतन्त्र लेखनसम्बन्धी त्रुटिहरू | ६१ |
| ४.५ | वस्तुगत प्रश्नावली परीक्षणका क्रममा वाक्यगठनका विभिन्न पक्षमा देखिएका त्रुटिहरू | ६२ |

**अध्याय पाँच**

**वाक्यगठनमा गर्ने त्रुटिका कारणहरू**


५.१ विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिका कारणहरू ६४

५.२ अन्य कारणहरू ६५


**अध्याय छ**

**वाक्यगठनमा त्रुटि निराकरणका उपायहरू**


६.१ त्रुटि निराकरणका उपायहरू ६७


**अध्याय सात**

**सारांश, निष्कर्ष र उपयोगिता**


७.१ सारांश ६९

७.२ निष्कर्ष ७२

७.३ उपयोगिता ७४

७.३.१ नीतिगत तह ७५

७.३.२ प्रयोगगत तह ७५

सन्दर्भ सामग्रीसूची

परिशिष्ट

# तालिका सूची


| | | | |
|---|---|---|---|
| | | | **पृष्ठ नं.** |
| तालिका नं. १ | : | वचनगत त्रुटिको विश्लेषण | ३७ |
| तालिका नं. २ | : | लिङ्गगत त्रुटिको विश्लेषण | ३८ |
| तालिका नं. ३ | : | पुरुषगत त्रुटिको विश्लेषण | ३९ |
| तालिका नं. ४ | : | कालगत त्रुटिको विश्लेषण | ४० |
| तालिका नं. ५ | : | आदरगत त्रुटिको विश्लेषण | ४१ |
| तालिका नं. ६ | : | भावगत त्रुटिको विश्लेषण | ४२ |
| तालिका नं. ७ | : | वाच्यगत त्रुटिको विश्लेषण | ४३ |
| तालिका नं. ८ | : | वचनसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ४४ |
| तालिका नं. ९ | : | लिङ्गसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ४६ |
| तालिका नं. १० | : | पुरुषसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ४८ |
| तालिका नं. ११ | : | कालसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ५० |
| तालिका नं. १२ | : | आदरसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ५२ |
| तालिका नं. १३ | : | वाच्यसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ५४ |
| तालिका नं. १४ | : | भावसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता | ५६ |
| तालिका नं. १५ | : | समग्र विद्यार्थीको अनुच्छेद र निबन्ध लेखन क्षमताको स्थिति | ५८ |
| तालिका नं. १६ | : | छात्र र छात्राको अनुच्छेद र निबन्ध लेखन क्षमताको स्थिति | ५८ |
| तालिका नं. १७ | : | संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद र निबन्ध लेखन क्षमताको स्थिति | ५९ |
| तालिका नं. १८ | : | संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद र निबन्ध लेखन क्षमताको समग्र स्थिति | ६० |
| तालिका नं. १९ | : | वस्तुगत प्रश्नहरूको समग्र तालिका | ६० |

# स्तम्भ चित्रसूची

**पृष्ठ नं.**


स्तम्भ चित्र नं. १ : वचनसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता ४५

स्तम्भ चित्र नं. २ : लिङ्गसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता ४७

स्तम्भ चित्र नं. ३ : पुरुषसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता ४९

स्तम्भ चित्र नं. ४ : कालसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता ५१

स्तम्भ चित्र नं. ५ : आदरसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता ५३

स्तम्भ चित्र नं. ६ : वाच्यसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता ५५

स्तम्भ चित्र नं. ७ : भावसम्बन्धी संस्थागत र सामुदायिक विद्यालयको क्षमता ५७